आइकम नेपाल (मुनाफा वितरण नगर्ने कम्पनी)

सञ्चालक निर्वाचन सम्बन्धी

निर्देशिका

प्रस्तावना : आइकम नेपाल (मुनाफा वितरण नगर्ने कम्पनी) को सञ्चालक समितिले कम्पनीको पदाधिकारी र सञ्चालक पदको निर्वाचन सम्बन्धी कामलाई पारदर्शी, नियमित एवं व्यवस्थित रुपवाट सम्पन्न गर्नको लागि आइकम नेपालको नियमावलीको नियम १३ बमोजिम यो निर्देशिका बनाई लागू गरेको छ ।

१.नाम तथा प्रारम्भ :

(क) यस निर्देशिकाको नाम "आइकम नेपाल (मुनाफा वितरण नगर्ने कम्पनी) को सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७६" रहेको छ ।

(ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा:

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कम्पनी" भन्नाले आइकम नेपाल (मुनाफा वितरण नगर्ने कम्पनी) सम्झनु पर्छ ।

(ग) "सञ्चालक समिति" भन्नाले आइकम नेपालको सञ्चालक समिति सम्झनु पर्छ ।

(घ) "अध्यक्ष" भन्नाले आइकम नेपालको सञ्चालक समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ङ) "सचिव" भन्नाले आइकम नेपालको सञ्चालक समितिको सचिव सम्झनु पर्छ ।

(च) "कोषाध्यक्ष" भन्नाले आइकम नेपालको सञ्चालक समितिको कोषाध्यक्ष सम्झनु पर्छ ।

(छ) "संचालक" भन्नाले कम्पनीको सञ्चालक सम्झनु पर्छ । सो शब्दले अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई बुझाउनेछ ।

(ज) "निर्वाचन अधिकृत" भन्नाले सञ्चालकको निर्वाचन गर्नको लागि नियुक्त भएको निर्वाचन अधिकृत सम्झनु पर्छ ।

(झ) "मतदान अधिकृत" भन्नाले सञ्चालक निर्वाचन प्रयोजनका लागि नियुक्त मतदान अधिकृत सम्झनु पर्छ ।

(ञ) "कर्मचारी" भन्नाले निर्वाचन कार्यको लागि खटिएका कर्मचारी सम्झनु पर्छ ।

(ट) "मतदाता" भन्नाले कम्पनीको साधारण सदस्यता लिएको सदस्य सम्झनु पर्दछ र सो शब्दले निजले रितपूर्वक मुकर्रर गरेको प्रतिनिधि (प्रोक्सी) समेतलाई जनाउँछ ।

(ठ) "मतपत्र" भन्नाले सञ्चालक निर्वाचनको लागि प्रयोग हुने अनुसूची १० बमोजिमको मतपत्र सम्झनु पर्छ ।

(ड) "प्रबन्धपत्र" भन्नाले कम्पनीको प्रबन्धपत्र सम्झनु पर्छ ।

(ढ) "नियमावली" भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ

(ण) "प्रतिनिधि (प्रोक्सी)" भन्नाले कम्पनीको साधारण सदस्यले आफ्नो सट्टामा साधारण सभामा भाग लिन र मतदान गर्न मुकरर गरेको प्रतिनिधि (प्रोक्सी) सम्झनु पर्छ ।

(त) "साधारण सदस्य" भन्नाले कम्पनीको सदस्यता लिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले सदस्यले रितपूर्वक मुकरर गरेको प्रतिनिधी समेतलाई जनाउँछ ।

(थ) "मतदान केन्द्र" भन्नाले निर्वाचन अधिकृतले मतदान गर्नको लागि तोकेको ठाउँ सम्झनु पर्छ ।

(द) "अनुसूची" भन्नाले यस निर्देशिकामा उल्लेखित अनुसूचीहरु सम्झनु पर्छ ।

(ध) "साधारण सभा" भन्नाले कम्पनीको विशेष र वार्षिक साधारण सभा समेत सम्झनु पर्छ ।

ICOM international council of museums नेपाल

परिच्छेद - २
निर्वाचन संचालन

३.मतदाता :

(क) कम्पनीको साधारण सदस्यता लिएको र सो सदस्यता स्वीकृत वा नविकरण भएको कम्पनीका साधारण सदस्य वा प्रतिनिधी मतदाता हुनेछन् ।

(ख) यस कम्पनीको साधारण सदस्यले रीतपूर्वक खटाइएको वा मनोनित गरेकोप्रतिनिधि (प्रोक्सी) ले मतदान गर्न पाउनेछ । त्यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा यस आइकमको साधारण सदस्य भन्दा वाहिरको व्यक्तिलाई मुकर्रर गर्न पाइने छैन । यदि कम्पनीमा कायम सदस्य भन्दा वाहिरको व्यक्ति प्रतिनिधि (प्रोक्सी) नियुक्ति भएको पाइएमा उक्त प्रतिनिधि (प्रोक्सी) नियुक्ति वदर हुनेछ ।

(ग) प्रतिनिधि (प्रोक्सी) नियुक्ति फाराम अनुसूचि १ बमोजिमको ढाँचामा रहने छ । सो प्रतिनिधि (प्रोक्सी) नियुक्ति फाराम सभा शुरु हुने भनी तोकिएको दिनभन्दा कम्तिमा २ दिन अगावै निर्वाचनको कार्यालयको इमेल ठेगानामा दर्ता गरिसक्नु पर्नेछ । प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधी वदर गर्ने भएमा सो को लिखित सूचना सभा शुरु हुनुभन्दा १ दिन अगावै निर्वाचनको कार्यालयको इमेल ठेगानामा कार्यालय समयभित्र दर्ता गरिसक्नुपर्नेछ । अन्यथा पहिले दिएको प्रोक्सी कायमै रहने छ ।

(घ) एक जना सदस्यले एक भन्दा वढी प्रतिनिधि (प्रोक्सी) नियुक्ती गर्न पाउने छैन । एक भन्दा वढी प्रतिनिधि नियुक्त गरेको पाइएमा प्रतिनिधी नियुक्त फाराममा जुनसुकै मिति उल्लेख भएकोभएतापनि सवैभन्दा पहिले निर्वाचन कार्यालयमा दर्ता भएको फारामलाई मात्र मान्यता दिइने छ ।

४.मतदाता नामावली :

(क) निर्वाचन अधिकृतले दफा (३) बमोजिम उपलब्ध मतदाता नामावलीलाई यकिन गरी अनुसूची ३ बमोजिमको ढाँचामा मतदाता नामावली प्रकाशन गर्नु पर्नेछ ।

(ख) खण्ड (क) बमोजिम प्रकाशित नामावलीमा कुनै कुरा सच्याउन, हटाउन वा थपघट गर्नु पर्ने उचित कारण देखिएमा कारण खोली इमेल मार्फत निवेदन दिन सकिनेछ ।

(ग) उल्लेखित खण्ड (ख) बमोजिम परेको निवेदन उपर छानविन गरी निर्वाचन अधिकृतले अनुसूची ४ बमोजिमको ढाँचामा अन्तिम मतदाता नामावली प्रकाशन गर्नु पर्नेछ ।

(घ) मतदाताले अनुसूची ४ बमोजिमको मतदाता नामावली हेर्न र सार्न चाहेमा विगार्न, केरमेट गर्न नमिल्ने गरी हेर्न सार्न दिइने छ । इमेल वा केन्द्रवाट मतदाता नामावली लिन सकिने छ ।

५.निर्वाचनको सूचना :

(क) निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचना अनुसूची २ को ढाँचामा प्रकाशित गर्नेछ र इमेल मार्फत सवै सदस्यहरुलाई पठाइनेछ ।

(ख) निर्वाचन अधिकृतले कम्पनीको नियमावलीको नियम १३ बमोजिम संचालक समितिमा एकजना महिला सहित ७ जनाले प्रतिनिधित्व गर्ने व्यवस्था भएकोले सोही बमोजिम निर्वाचन सम्वन्धी कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

(ग) पहिलो चरणको निर्वाचनबाट निर्वाचित भएका ७ जना संचालकहरुको पहिलो बैठकले नियमावलीको नियम १३ (४) बमोजिमका पदाधिकारीहरु चयन गरिनेछ ।

६.उम्मेदवारले दरखास्त दिने :

(क) सञ्चालक पदको लागि उम्मेदवार हुन इच्छुक सदस्यले निर्वाचन अधिकृतले प्रकाशित गरेको निर्वाचन कार्यक्रमको समयभित्र अनुसूची ५ को ढाँचामा तोकिएको दस्तुर सहित निर्वाचन प्रयोजनको लागि खोलीएको इमेल ठेगानामा निवेदन दिनु पर्नेछ ।

ICOM International council of museums नेपाल

(ख) उम्मेदवारहरुले आफ्नो नाम फिर्ता लिन चाहेमा निर्वाचन कार्यक्रममा उल्लेखित समयभित्र नाम फिर्ता लिन निवेदन दिनुपर्नेछ ।

(ग) सहमतिमा निर्वाचन अधिकृतले अनुमति दिएमा खण्ड (ख) मा उल्लेखित अवधिपछि पनि उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

७. **मनोनयनपत्र दर्ता शुल्क :**

कम्पनीको सञ्चालक समितिको उम्मेदवार हुनलाई मनोनयन दर्ता गर्दा कम्पनीको खातामा रु.१०,०००/- (दश हजार मात्र) जम्मा गरेको भौचर मनोनयन पत्र साथ पेश गर्नुपर्नेछ । मनोनयन पत्र साथ भौचर संलग्न नभएमा मनोनयन पत्र दर्ता हुने छैन । नगदमा मनोनयन पत्र बापतको रकम बुझिने छैन ।

८. **उम्मेदवारको योग्यता :**

कम्पनीको सञ्चालक समितिको उम्मेदवार हुनलाई कम्पनी ऐन,२०६३, प्रचलित कानून र कम्पनीको प्रबन्धपत्र/नियमावली र निर्वाचन सम्बन्धि निर्देशिकाले सञ्चालक हुन बन्देज नगरेको हुनु पर्नेछ । साथै उमेदवारले आफू संलग्न रहेको संग्रहालयबाट संचालक समितिमा उमेदवारी दिन सहमति प्रदान गरेको सहमति पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

९. **उम्मेदवारको दरखास्त रद्द हुने अवस्था :**

(क) उम्मेदवारले आइकमबाट सदस्यता बापतको रकम चुक्ता नगरेको भएमा ।

(ख) प्रस्तावक र समर्थकले आइकमबाट सदस्यता बापतको रकम चुक्ता नगरेको भएमा ।

(ग) प्रस्तावक र समर्थक आइकमको साधारण सदस्य नभएमा ।

(घ) संचालक पदको लागि तोकिएको शुल्क नबुझाएमा ।

(ङ) यस निर्देशिका अनुसार सञ्चालक पदमा उम्मेदवार हुन नपाउने भनी गरिएको दावी विरोध प्रमाणित भएमा ।

(च) कम्पनी ऐन, २०६३, प्रचलित कानून र कम्पनीको नियमावलीले व्यवस्था गरे अनुसार अयोग्य भएमा ।

(छ) उमेदवारले आफू सदस्य रहेको संग्रहालयबाट आइकम नेपालको सचालक समितिमा उमेदवारी दिन सहमति प्रदान गरेको सहमति पत्र पेश गरेको नभएमा ।

१०. **निर्वाचन अधिकृतको नियुक्ति एवं काम, कर्तव्य तथा अधिकार :**

साधारण सभाद्वारा निर्वाचन गराई सञ्चालक नियुक्त गर्न ऐन, प्रबन्धपत्र, नियमावली र यस निर्देशिकाको अधिनमा रही निर्वाचन गराउने कार्यको निमित्त आइकम नेपालको कामसंग असम्बन्धित निर्वाचन सम्बन्धि प्रक्रिया बुझेको कुनै योग्य व्यक्तिलाई सञ्चालक समितिले निर्वाचन अधिकृतको रुपमा देहायबमोजिम काम, कर्तव्य र अधिकार प्रदान गरी नियुक्त गर्नेछ,

(क) मतदता नामावली प्रकाशित गर्ने,

(ख) मतदाता नामावली उपरको दावी विरोध बारे छानविन गरी निर्णय दिने,

(ग) निर्वाचन कार्यक्रम प्रकाशित गर्ने,

(घ) उम्मेदवारको दरखास्त जाँच गर्ने,

(ङ) उम्मेदवारको नामावली प्रकाशित गर्ने,

(च) उम्मेदवार उपरको दावी विरोध सम्बन्धमा छानवीन गरी निर्णय दिने,

(छ) मतदान समय तोक्ने, (ज) मतपत्रमा सही गर्ने, (झ) मतपत्र सदर वा रद्द गर्ने,

(ञ) मतपत्र गन्ती गर्ने, (ट) निर्वाचन परिणाम घोषणा गर्ने ,

(ठ) आवश्यकतानुसार सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत आदि कर्मचारीहरु नियुक्त गर्ने,

(ड) समितिद्वारा सुम्पिएको तथा यस निर्देशिकामा उल्लेखित निर्वाचन सम्बन्धी सम्पूर्ण कामहरु गर्ने ।

११. **उम्मेदवारको नामावली प्रकाशन :**

प्रकाशित निर्वाचन कार्यक्रममा तोकिएको समयभित्र दर्ता भएका दरखास्तहरुको जाँचबुझ गरी निर्वाचन अधिकृतले उम्मेदवारहरुको प्रथम नामावली निर्वाचन सम्बन्धी कार्यालयको सूचना पाटीमा टाँस गरी कम्पनीका शेयरधनीहरुलाई इमेल मार्फत जानकारी गराउने छ ।

१२. **उम्मेदवारको दावी विरोध :**

(क) दफा ११ बमोजिम प्रकाशित उम्मेदवारहरुको योग्यता पुगेको छैन भनी उम्मेदवार वा सदस्यका प्रतिनिधीले अनुसूची ६ को ढाँचामा दावी विरोध गर्न सक्नेछन ।

(ख) माथि खण्ड (क) बमोजिम दावी विरोध परेमा सम्बन्धित उम्मेदवारको मनोनयन पत्र छानवीन गरी निर्वाचन अधिकृतले निर्णय दिनुपर्नेछ । निजको निर्णय अन्तिम मानिनेछ ।

१३. **नाम फिर्ता लिने :**

पदाधिकारी वा सञ्चालक पदमा उम्मेदवार हुनको लागि दरखास्त दिने व्यक्ति आफै उपस्थित भई वा वारेस मार्फत आफ्नो नाम फिर्ता लिन चाहेमा अनुसूची ७ बमोजिम दरखास्त दिनुपर्नेछ र निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारको नाम लगतबाट कट्टा गरिदिनु पर्नेछ ।

१४. **निर्विरोध निर्वाचित भएको मानिने :**

उम्मेदवारको संख्या निर्वाचन गरिने पदको संख्या भन्दा कम वा बराबर भएमा रितपूर्वक उम्मेदवारी दर्ता गर्ने उम्मेदवार निर्विरोध भएको मानी निर्वाचन अधिकृतले साधारण सभामा निर्विरोध निर्वाचित भएको औपचारीक घोषणा गर्नेछ ।

१५. **उम्मेदवारको अन्तिम नामावली प्रकाशित :**

दावी विरोध उपर निर्णय भई नामावली फिर्ता लिने समय समेत समाप्त भएपछि निर्वाचन कार्यक्रममा उल्लेखित समयभित्र अनुसूचि ८ को ढाँचामा उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरिनेछ ।

१६. **वारेस राख्न पाउने :**

(क) उम्मेदवारले उम्मेदवारी दर्ता गर्न, फिर्ता लिन र मतदान केन्द्रमा प्रतिनिधि राख्न चाहेमा अनुसूची ९ को ढाँचामा वारेस राख्न पाउनेछ ।

(ख) प्रत्येक उम्मेदवारले मतदान केन्द्र (मतगणना हुने ठाउँ) मा आफै नबस्ने भएमा मात्र एक जनासम्म वारेस राख्न पाउछ ।

१७. **मतपत्र :**

मतपत्रको ढाँचा अनुसूची १० बमोजिम हुनेछ ।

१८. **मतदान :**

(क) प्रत्येक साधारण सदस्यमा एक मतको मताधिकार रहनेछ ।

(ख) मतदाताको नामावलीमा रुजु गरी मतदाताको सही गराई मतदातालाई मतपत्र दिइने छ ।

(ग) मतदान गोप्य गरिने छ र एकपटकमा एकजना मतदातालाई मात्र मतदान गर्ने कोठामा प्रवेश गर्न दिइने छ ।

(घ) तोकिएको मतदान समयभित्र मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदाताहरुलाई मतदान गर्न दिइनेछ ।

(ङ) कुनै व्यक्तिले नाम ढांटी मतदान गर्न आएमा उम्मेदवार वा निजको वारेसले नगद रु.१००/- धरौटी राखी निर्वाचन अधिकृत समक्ष विरोध गर्न सक्नेछ ।

(च) खण्ड (ङ) बमोजिम विरोध परेमा निर्वाचन अधिकृतले तुरुन्त निर्णय दिनेछ ।

ICOM International Council of Museums नेपाल

(छ) खण्ड (च) बमोजिम आएको विरोध सत्य ठहरे धरौटी रकम फिर्ता गरिनेछ अन्यथा जफत हुनेछ ।

१९. **प्रवेश निषेध:**

(क) मतदान केन्द्रमा उम्मेदवार, वारेस, सम्बन्धित कर्मचारी र मतदाता बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न दिइने छैन ।

(ख) मतदानको लागि तोकिएको समय समाप्त भएपछि दफा १८ को खण्ड (ग) को अवस्थामा बाहेक मतदान केन्द्रमा मतदातालाई प्रवेश निषेध गरिनेछ ।

(ग) शारीरिक रुपले असमर्थ मतदाताले मतदान कार्यको लागि सहयोग मागेमा निर्वाचन अधिकृतले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

२०. **मतदान स्थगित गर्ने:**

(क) निर्वाचन कार्य प्रारम्भ हुनु अगावै कुनै उम्मेदवारको मृत्यु भएको कुरा निर्वाचन अधिकृतको जानकारीमा आएमा निर्वाचन अधिकृतले निर्वाचन स्थगित गर्न सक्नेछ ।

(ख) कावुबाहिरको परिस्थिति परी निर्वाचन अधिकृतलाई मतदान स्थगित गर्न वान्छनीय लागेमा निर्वाचनकार्य स्थगित गर्न सकिनेछ ।

(ग) परिस्थितिवस निर्वाचन कार्य दिला प्रारम्भ गर्न परेमा निर्वाचन अधिकृतले समय सार्न सक्नेछ ।

२१. **मत पेटीका :**

(क) निर्वाचनमा प्रयोग गरिने खाली मटपेटिका उपस्थित उम्मेदवार वा निजको प्रतिनिधिहरुलाई देखाई निजहरुको रोहवरमा मतपत्र छिराउने प्वालमात्र खुल्ला राख्न लगाई मतदान हुने स्थानमा राखिनेछ ।

(ख) मतदान कार्य सकिएपछि निर्वाचन अधिकृतले मतपेटिकाको मतपत्र छिराउने प्वाल उपस्थित उम्मेदवार र निजको प्रतिनिधिको सामुन्ने बन्द गरी मतगन्ती गर्ने स्थानमा लग्नु पर्नेछ वा मतदान भएको स्थान र मत गन्ती गर्ने स्थानको दुरी सामान्य रहेको वा मतदान स्थानमा नै मतगन्ती गर्ने अवस्थामा उम्मेदवाहरु वा निजहरुको वारेसको रोहवरमा सो मतपेटिकमा खोली मतगणना गर्न सकिनेछ ।

(ग) मतपेटीका साथ उम्मेदवार वा वारेस आउन चाहेमा आउन दिनु पर्नेछ ।

२२. **मतगणना :**

(क) तोकिएको ठाउमा मतपेटिका पुऱ्याएपछि निर्वाचन अधिकृतले यथासम्भव छिटो मतगणना शुरु गर्नु पर्नेछ ।

(ख) मतगणना कोठामा निर्वाचन अधिकृत, निजले तोकेको कर्मचारी, उम्मेदवार वा निजको वारेस बाहेक अन्यलाई प्रवेश निषेध गरिनेछ ।

(ग) मतगणना सम्बन्धी कार्यमा उठाइएको मुचुल्काहरुमा उम्मेदवार वा वारेसको सही हुन नसकेमा कारण खुलाई निर्वाचन अधिकृले मात्र सही गरे पनि पुग्नेछ ।

(घ) मतपेटिका खोली मतपत्र खन्याई रित्तो मतपेटिका उम्मेदवार वा वारेसलाई देखाई बन्द गर्नु पर्नेछ ।

(च) मत गन्तीको काम लगातार जारी राख्नुपर्छ । उक्त काममा बाधा विरोध पुऱ्याउने कुनै पनि व्यक्तिलाई निर्वाचन अधिकृतले बाहिर निकाल्न सक्नेछ ।

२३. **निम्न लिखित मतपत्रहरु बदर हुनेछन् :**

(क) निर्वाचन अधिकृतको सही नभएको,

(ख) मतपत्र च्यातिएको, प्वाल परेको, केरमेट वा फोहोर मैला भएको,

(ग) मतदान नगर्ने भनी निर्वाचन अधिकृतलाई फिर्ता दिइएको,

(घ) मतपत्रमा अन्य कुनै संकेत गरिएको,

ICOM International council of museums नेपाल

(ङ) तोकिएको ढाचा बमोजिम आवश्यक उम्मेदवार भन्दा बढी उम्मेदवारको छाप लागेको ।

२४. **मत बराबर भएमा गोला हाली निर्णय गर्ने :**

(क) उम्मेदवारहरुले प्राप्त गरेको मत बराबर भई निर्वाचित भएको मान्न नसकिने स्थिति सिर्जना भएमा गोलाप्रथाबाट निर्णय गरिने छ ।

(ख) गोलाप्रथाबाट निर्वाचित उम्मेदवार बहुमतद्वारा निर्वाचित भएको मानिने छ ।

(ग) निर्वाचन अधिकृतले मतगणनाको कार्य सकिएपछि प्रत्येक उम्मेदवारले पाएको सदर मत, बदर मत समेत उल्लेख गरी सकेसम्म प्रत्येक उम्मेदवार वा बारेसको सही गराई अनुसूची १४ बमोजिमको विवरण तयार गरी अनुसूची १५ को ढाँचामा विजयी उम्मेदवारको घोषणा गर्नु पर्नेछ ।

२५ **निर्वाचनको काम इमेलमार्फत हुने :**

निर्वाचनको मतदान देखि बाहेकका सबै काम निर्वाचन अधिकृतले निर्वाचन प्रयोजनको लागि खडा गरेको इमेल सेवा मार्फत हुनेछ । इमेल मार्फत प्रोक्सी पठाउने, उमेदारको नाम दर्ता, दावि विरोध लगायतका काम हुनेछ ।

२६ **निर्वाचन सकिएपछि सिलबन्दी गर्ने :**

निर्वाचन सकिएपछि बाकी रहेको मत्रपत्र, प्रयोग भएको मतदाता नामावली आदि कागजातहरु बन्द गरी निर्वाचन अधिकृतले आइकम नेपालको सचिवलाई जिम्मा दिनु पर्नेछ ।

२७ **निर्वाचन सकिएपछि सिलबन्दी गर्ने :**

निर्वाचन सकिएपछि बाकी रहेको मत्रपत्र, प्रयोग भएको मतदाता नामावली आदि कागजातहरु बन्द गरी निर्वाचन अधिकृतले आइकम नेपालको सचिवलाई जिम्मा दिनु पर्नेछ ।

२८. **निर्देशिकाको संशोधन :**

यस निर्देशिकाको संशोधन, थपघट गर्ने अधिकार आइकम नेपालको सञ्चालक समितिलाई मात्र हुनेछ ।

२९. **कर्मचारी नियुक्ति गर्ने अधिकार :**

निर्वाचन अधिकृतले निर्वाचन सम्पन गर्न आवश्यकतानुसार सहायक निर्वाचन अधिकृत, मतदान अधिकृत तथा अन्य कर्मचारीहरु कम्पनीले नै पारिश्रमिक दिने गरी नियुक्त गर्न सक्नेछ ।

३०. **सम्पर्क :**

निर्वाचन अधिकृतले सञ्चालक समितिसग सम्पर्क राख्नु पर्दा आइकम नेपालका अध्यक्ष वा सचिव मार्फत सम्पर्क राख्नु पर्नेछ ।

३१. **आइकम नेपाल र आइकमको राष्ट्रिय समिति सम्बन्धी व्याख्या र हस्तान्तरण :**

यस निर्वाचन निर्देशिका बमोजिम निर्वाचित आइकम नेपालको संचालक समितिले स्वतः आइकमको नेपाल स्थित राष्ट्रिय समितिको रुपमा तीन वर्षको कार्यसम्पादन गर्नेछ । दुई निकाय फरक फरक जस्तो देखिएतापनि निर्वाचन मार्फत प्राप्त आइकम नेपालको संचालक समिति नै आइकमको नेपाल स्थित राष्ट्रिय समितिको रुपमा रहनेछ । निर्वाचन पछि तोकिएको समयमा निवर्तमान समितिले निर्वाचित समितिलाई पदभार हस्तान्तरण गर्नेछ ।

ICOM International council of museums नेपाल